नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(जनशक्ति योजना तथा विकास शाखा)
फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- ०८१/८०

चलानी नं.:- ६६०

मितिः २०८०/०२/१८

विषयः परिपत्र ।

श्री सबै मन्त्रालय/आयोग/कार्यालय/सचिवालय ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सातै प्रदेश) ।

श्री सबै स्थानीय तह ।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०२/०९ को बैठकबाट तपसिल बमोजिमको निर्णय भएकोले सोही बमोजिम गर्नु गराउनुहुन अनुरोध छ ।

तपसिलः

सम्बन्धित प्रदेशको कानूनले व्यवस्था नगरेसम्मको लागि **कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश र स्थानीय तहमा समायोजन भएका निजामती कर्मचारी र लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्त भएका प्रदेश तथा स्थानीय तहका कर्मचारीको** अध्ययन पूर्व स्वीकृति, स्वदेशी तथा वैदेशिक अध्ययन/तालिममा मनोनयन र अध्ययन तथा असाधारण विदा निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० का आधारमा प्रदेशको प्रमुख सचिवले देहायबमोजिम स्वीकृति गर्ने गरी निजामती सेवा नियमावली, २०५० को नियम १३५ को उपनियम (१) बमोजिम अधिकार प्रत्यायोजन गर्नेः-

देहायः

क) प्रदेशमा कार्यरत राजपत्रांकित द्धितीय श्रेणीको उपसचिव वा अधिकृतस्तर दशौं तहसम्मको कर्मचारीको हकमा सम्बन्धित प्रदेश सचिवको सिफारिसमा र स्थानीय तहमा कार्यरत सोही श्रेणी वा तहसम्मका कर्मचारीको हकमा सम्बन्धित स्थानीय कार्यपालिकाको सिफारिसमा स्वीकृत गर्ने,

ख) खण्ड (क) बमोजिम प्रदान गरिएको स्वीकृतिको जानकारी प्रमुख सचिवले ३ दिनभित्र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सेवा समूह सञ्चालन गर्ने सङ्घीय मन्त्रालय र राष्ट्रिय किताबखाना (निजामती) मा समेत पठाई विवरण अद्यावधिक गर्ने गराउने ।

२०८०/२/१८

(रामु राज कडरिया)
उपसचिव

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखा, सं.मा. तथा सा.प्र.म., *पत्र वेबसाइटमा राख्नुहुन साथै उल्लेखित सम्पूर्ण निकायको आधिकारिक ईमेल ठेगानामा पत्राचार समेत गर्ने व्यवस्था मिलाउनहुन ।*